# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) रासी उपत्यका (देउखुरी), नेपाल, कार्तिक ०१ गते, २०८० साल (अतिरिक्ताङ्क १९

## भाग २

### लुम्बिनी प्रदेश सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (चौथो संशोधन) नियमावली, २०८०

स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यी नियमहरुको नाम "स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नती (चौथो संशोधन) नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ को नियम २ मा संशोधनः** स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नती नियमावली, २०७७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ञ) झिकिएको छ ।

३. **मूल नियमावलीको परिच्छेद-६ मा संशोधनः** मूल नियमावलीको परिच्छेद-६ सँग सम्बन्धित देहायका नियमहरु खारेज गरिएको छः-

"(क) नियम २५ समितिको गठन,

(ख) नियम २६ समितिको काम, कर्तव्य र अधिकार,

(ग) नियम २७ समितिको बैठक सम्बन्धी व्यवस्था,

(घ) नियम २८ समितिको कोष सम्बन्धी व्यवस्था,

(ङ) नियम २९ लेखा र लेखा परिक्षण र

(च) नियम ३० कर्मचारी सम्बन्धी व्यवस्था ।"

**आज्ञाले,**
**डा.जनार्दन पन्थी**
**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश सरकार, गृह मन्त्रालय